# ऋण तथा जमानत (चौबीसौं संशोधन) ऐन, २०७७

*प्रमाणीकरण मिति*

*२०७७।०३।१५*

संवत् २०७७ सालको ऐन नं. ८

**ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावनाः** ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "ऋण तथा जमानत (चौबीसौं संशोधन) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन संवत् २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ मा संशोधनः** ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ को उपदफा (१) मा रहेका "बाह्र खर्ब रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "चौध खर्ब रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय